नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

# तथ्याङ्क समन्वय कार्यालय, खोटाङ

(खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु र भोजपुर)

पत्र संख्याः २०८१/०८२
चलानी नम्बरः

मितिः २०८१/१०/२०
नेपाल सम्वत्: ११४५

विषयः स्वतः प्रकाशन।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ अनुसार तथ्याङ्क समन्वय कार्यालय, खोटाङबाट मिति २०८१ कात्तिक १ देखि २०८१ पौष मसान्तसम्म सम्पादन गरिएका मुख्य-मुख्य कार्यहरुको त्रैमासिक कार्य विवरण निम्नानुसार रहेको हुँदा सरोकारवालाको जानकारीको लागि प्रकाशित गरिएको छ।

१. कार्यालयको स्वरुप र प्रकृतिः

तत्कालीन तथ्याङ्क ऐन, २०१५ तथा नियमावली, २०४१ मा रहेको व्यवस्था बमोजिम नेपाल सरकार, राष्ट्रिय योजना आयोग, केन्द्रीय तथ्याङ्क विभागको मातहतमा रही सोको कार्य सम्पादनमा सहयोग पुऱ्याउने उद्देश्यले ३३ वटा तथ्याङ्क कार्यालय स्थापना भएकोमा तथ्याङ्क ऐन, २०७९ तथा तथ्याङ्क नियमावली, २०८० जारी भएपश्चात् साविकका तथ्याङ्क कार्यालयहरु खारेज भई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय तथ्याङ्क कार्यालयको मातहतमा १८ वटा तथ्याङ्क समन्वय कार्यालयहरु स्थापना भएको र सो मध्ये खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु र भोजपुर गरी ४ जिल्ला कार्यक्षेत्र रहने गरी खोटाङ जिल्लामा तथ्याङ्क समन्वय कार्यालय स्थापना भई आर्थिक वर्ष २०८१/०८२ देखि नियमित रुपमा दैनिक तथा प्रशासनिक कार्य सञ्चालन भइरहेको छ।

२. तथ्याङ्क समन्वय कार्यालय, खोटाङको काम, कर्तव्य र अधिकारः

- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन गरिएका सर्भे तथा गणनाहरुमा तोकिएको निकायहरुबाट तथ्याङ्क संकलन गर्ने,
- राष्ट्रिय जनगणना, राष्ट्रिय कृषिगणना, साना तथा ठुला उद्योग प्रतिष्ठानहरुको सर्वेक्षण सञ्चालनमा सहयोग गर्ने,
- नेपाल तथ्याङ्कीय व्यावसायिक रजिष्टर निर्माण, राष्ट्रिय लेखा, मूल्य तथ्याङ्कसम्बन्धी नियमित कार्यक्रमको लागि त्रैमासिक तथा वार्षिक रुपमा तथ्याङ्क संकलन गर्ने तथा प्रतिवेदन गर्ने,
- तथ्याङ्क लिन तथा तथ्याङ्कमा चासो राख्ने सेवाग्राहीहरुको लागि कार्यालयको प्राविधिक फाँट/पुस्तकालयबाट सेवा उपलब्ध गराउने,
- तथ्याङ्क लिन आउने सेवाग्राहीहरुलाई कार्यालयमा उपलब्ध भएको तथ्याङ्कहरु माग बमोजिम कम्प्युटरबाट Soft Copy र Hard Copy समेत उपलब्ध गराउने,
- तालुक निकायको निर्देशन अनुसार अन्य कार्यहरु गर्ने।

२०८१/१०/२०
प्रि. तथ्याङ्क अधिकारी

३. तथ्याङ्क समन्वय कार्यालय, खोटाङको कर्मचारी दरबन्दी विवरण:

यस कार्यालयको जम्मा स्वीकृत दरवन्दी १५ जना रहेको छ। जुन यस प्रकार रहेको छ:

क. तथ्याङ्क समन्वय अधिकारी (रा.प.द्वितीय श्रेणी) -१
ख. तथ्याङ्क अधिकृत - २
ग. सुपरिवेक्षक - ४
घ. गणक - ३
ङ. खरिदार - २
च. सह-लेखापाल - १
छ. कार्यालय सहयोगी - २

४. तथ्याङ्क समन्वय कार्यालय, खोटाङबाट प्रदान गरिने सेवा:

कार्यालयका नियमित प्रशासनिक तथा तथ्याङ्क संकलनका कार्य संचालन गर्ने, कार्य क्षेत्रका जिल्लाहरुमा तथ्याङ्कीय सचेतना अभिवृद्धि गर्ने, तथ्याङ्कीय गतिविधिहरुमा आवश्यकता बमोजिम समन्वय गर्ने, तथ्याङ्क लिन तथा तथ्याङ्कमा चासो राख्ने सेवाग्राहीहरुको माग बमोजिम सेवा प्रदान गर्ने, तथ्याङ्क लिन आउने सेवाग्राहीहरुलाई कार्यालयमा उपलब्ध भएको तथ्याङ्कहरु माग बमोजिम कम्प्युटरबाट Soft Copy र Hard Copy समेत उपलब्ध गराउने।

५. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार व्यक्ति:

कार्यालय प्रमुख तथा गुनासो सुन्ने अधिकारी सन्तोष कोइराला, सूचना अधिकारी सुवाश राई।

६. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधि:

तथ्याङ्क लिन आउने व्यक्ति, संघ-संस्था तथा कार्यालयरुलाई विना दस्तुर निःशुल्क सेवा प्रदान गरिने साथै सेवाग्राहीले माग गरेका तथ्याङ्क कार्यालयमा उपलब्ध भएमा तुरुन्त प्रदान गर्ने र तत्काल उपलब्ध नभएमा त्यसको जानकारी गराई उपलब्ध भएपछि जानकारी गराउने।

७. निर्णय गर्ने प्रकिया र अधिकार:

तथ्याङ्क माग गर्न आउने सेवाग्राहीले आफ्नो नाम दर्ता गराई कुन प्रयोजनको लागि तथ्याङ्क आवश्यक परेको हो सो खुलाउनु पर्नेछ। आवश्यक परेको तथ्याङ्क उपलब्ध गराइनेछ। सेवाग्राहीबाट सेवासम्बन्धी उजुरी आएमा सोको सुनुवाइ गुनासो सुन्ने अधिकारीको सुनुवाइ तथा कार्यालय प्रमुखको निर्णय बमोजिम हुने छ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी:

- कार्यालय प्रमुख श्री सन्तोष कोइराला।

९. तथ्याङ्क समन्वय कार्यालय, खोटाङले सम्पादन गरेको कामको विवरण:

आ.व. २०८१/०८२ को दोस्रो त्रैमासिक (मिति २०८१ कार्तिक १ गतेदेखि २०८१ पौष मसान्तसम्म) मा सम्पादन गरिएका कार्यहरु:

- अन्तर्राष्ट्रिय तुलना कार्यक्रम (International Comparison Program) सम्बन्धी मूल्य तथ्याङ्क संकलन तथा प्रतिवेदन
- मूल्य तथ्याङ्कसम्बन्धी (कृषि वस्तुको उत्पादन तथा निर्माण सामग्रीको मूल्य तथा ज्याला तथा भाडादर) तथ्याङ्क संकलन, प्रविष्टि र प्रतिवेदन,
- नेपाल तथ्याङ्कीय व्यावसायिक रजिष्टर निर्माणसम्बन्धी तथ्याङ्क संकलन,
- खोटाङ र भोजपुर जिल्लाका सबै स्थानीय तहहरुमा राष्ट्रिय तथ्यगत विवरण (National Data Portal-NDP) को कार्यान्वयनको अनुगमन तथा पृष्ठपोषण,

- व्यावसायिक कुखुरापालन सर्वेक्षण सूचीकरण कार्यको तथ्याङ्क संकलन प्रविष्टी तथा रिपोर्टिङ,
- जन्तेढुङ्गा गाउँपालिकाको परिचयात्मक विवरणसहितको जनसांख्यिक विवरण तयारी तथा छपाइ,
- मत्स्य तथा वन तथ्याङ्क अद्यावधिक गर्ने कार्यका लागि तथ्याङ्क संकलन,
- जिल्लामा राष्ट्रिय आर्थिक गणनाको प्रश्नावली परीक्षण,
- त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क संकलन तथा प्रतिवेदन,
- आन्तरिक पर्यटक सर्वेक्षणको दिप्रुङचुइचुम्मा गापा र भोजपुर नपाको १/१ वटा गरी २ वटा PSU को स्थलगत तथ्याङ्क संकलन फिल्ड कार्य,
- बालश्रमसम्बन्धी सर्वेक्षणका लागि प्रश्नावलीको ड्राफ्ट तयारी,
- तालुक निकायको निर्देशन बमोजिमका कार्यहरु।

१०. सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी र प्रमुखको नाम र पदः

- सूचना अधिकारी : सुवाश राई (सम्पर्क: ९८६२८०८३९९)
- गुनासो सुन्ने अधिकारी तथा कार्यालय प्रमुख : सन्तोष कोइराला (९८५२०४०१०४)।

११. ऐन नियम र निर्देशिकाको सूची:

यस कार्यालयले मुख्यतः तथ्याङ्क ऐन २०७९ तथा नियमावली २०८० को अधीनमा रही काम कारवाही गर्दछ। यसबाहेक आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७, सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४, भ्रमण खर्च नियमावली, २०६४ (संशोधनसहित) र निजामती सेवा ऐन २०४९ तथा नियमावली, २०५० अनुसार काम गर्दछ।

१२. आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण:

तथ्याङ्क समन्वय कार्यालय, खोटाङको अख्तियारी तथा दोस्रो त्रैमासिकको खर्चको विवरण:

| क. सं. | बजेट शीर्षक | अन्तिम बजेट रकम रु. | खर्च रकम रु. | खर्च प्रतिशत/वित्तीय प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १ | चालु | १,९४,७९,०००/- | ११,३९,२००/- | ५.८४ | दोस्रो त्रैमासिकको मात्र |

१३. तोकिए बमोजिम सम्पन्न गरिएका अन्य प्रगति विवरण:

- रावाबेसी गाउँपालिकाको भौगोलिक सूचना प्रणालीसम्बन्धी तथ्याङ्क संकलन, डिजिटाइजेशन कार्य।

१४. अघिल्लो आर्थिक वर्षमा कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण:

- तोकिएका भौगोलिक सूचना प्रणाली सम्बन्धी तथ्याङ्क संकलन र डिजिटाइजेशन कार्य सम्पन्न।

१५. कार्यालयको वेभसाइट भए सोको विवरण:

- कार्यालयको वेभसाइट निर्माणको क्रममा रहेको, फेसबूक एकाउन्ट (तथ्याङ्क समन्वय कार्यालय खोटाङ) रहेको।

१६. कार्यालयले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन:

- माथि बुँदा नं. ९ मा उल्लेख गरे बमोजिम।

१७. कार्यालयमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय:

- विभिन्न गणना तथा सर्वेक्षण तथा तथ्याङ्कीय गतिविधिसम्बन्धी माग भएका विवरण उपलब्ध गराइएको।

१८. कार्यालयका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरण:

- तथ्याङ्क सम्बन्धी सूचनाहरु राष्ट्रिय तथ्याङ्क कार्यालय, थापाथली, काठमाडौंबाट प्रकाशन हुने।
- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित सम्पूर्ण तथ्याङ्क www.nsonepal.gov.np मा हेर्न सकिने छ।